# कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिका को कार्यालय

चौघरे, ललितपुर ।

प.सं.: ०७८/७९
च.नं.

बागमती प्रदेश, नेपाल।

मिति : २०७८/०५/३०

विषय : <u>घर भाडा सम्बन्धी सूचना।</u>

प्रस्तुत विषयमा कोन्ज्योसोम गाँउपालिका, वडा न २ शंखुमा अवस्थित शंखु स्वास्थ्य चौकि रहेको स्थानमा १० शैयाको अस्पताल भवन निर्माण कार्य तत्काल शुरु गर्नेपर्ने हुँदा स्वास्थ्य चौकिले प्रदान गर्दै आइरहेको सेवा सुचारु राख्न घर भाडामा लिनुपर्ने देखिएकोले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि घर भाडामा दिन इच्छुक घरधनिले यो सुचना प्रकाशित भएको मितिले सात ( ७ ) दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल :

क) घर स्वास्थ्य चौकिबाट करिब ५०० मिटर भित्रको दुरिमा हुनुपर्नेछ ।

ख) कोठा संख्या ४ भएको पक्कि घर हुनुपर्नेछ ।

ग) पर्याप्त स्वच्छ खानेपानीको आपुर्ति, विद्युत सुविधाको पहुँच, सुविधा सम्पन्न शौचालय तथा गाडि पार्किङ्गको सुविधा हुनुपर्नेछ।

घ) प्रस्वात स्विकृत भएमा घरभाडा भुक्तानि गर्दा नियमानुसारको घरबहाल कर कट्टि गरि भुक्तानि गर्ने गरि सम्झौता गरिनेछ ।

ङ) रितपुर्वक पेश नभएको तथा म्याद नाघि पेश भएका प्रस्ताव उपर कुनै कारबाहि हुने छैन ।

च) अन्य कुराहरु प्रस्ताव स्विकृत भएपश्चात सम्झौतामा उल्लेख गरिनेछ ।यस सुचना तथा सम्झौतामा छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हनेछन ।

आवश्यक कागजात

क) जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ग) घर कर ( तिरो ) बुझाएको रसिदको प्रतिलिपि ।

घ) घरधनीले घरभाडामा दिन चाहेको मुल्य खुलेको निवेदन ।

२०७८/०५/३०

विकाश शर्मा रिजाल
प्रमुख प्रशासकिय अधिकृत